# कन्याममा 'टि टेस्टिङ एण्ड प्रोमोसन सेन्टर' सञ्चालन हुँदै

इलाम(जस)-सूर्योदय नगरपालिका-७ कन्याममा निर्माण भएको 'टि टेस्टिङ एण्ड प्रोमोसन सेन्टर' सञ्चालनको तयारीमा छ । कोसी प्रदेश सरकार र नगरपालिकाको रु २३ करोड लगानीमा बनेको उक्त सेन्टर यही मङ्सिर २७ देखि सञ्चालनमा आउन लागेको हो । नगरप्रमुख रणबहादुर राईले मङ्सिर २७ गते कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले उद्घाटन गर्ने कार्यक्रम तय भएको जानकारी दिए । उद्घाटनमा प्रदेशका अन्य मन्त्रीहरू पनि आउनुहुन्छ", उनले भने, "यो मुलुकको पहिलो चिया अनुसन्धान तथा प्रवर्द्धन केन्द्र हो, केन्द्रको पूर्वाधार निर्माणको सबै काम सम्पन्न भएको छ ।"

अहिले सेन्टरको भौतिक पूर्वाधार तयार भएको भन्दै आवश्यक उपकरणसमेत जडान भएका नगरप्रमुख राईले जानकारी दिए । उनका अनुसार केन्द्रमा चिया चाख्ने (टि टेस्टिङ)को काम हुनेछ भने चिया अनुसन्धानका लागि भौतिक पूर्वाधार तयार छ । "आवश्यक थप उपकरण व्यवस्थापन गरिँदैछ । इलामका लागि मात्र होइन, यो सेन्टर देशका लागि पनि नमूना हुने विश्वास लिएका छौँ", नगरप्रमुख राईले भने, "चियाको स्वाद, गुणस्तर जाँचदेखि चियासम्बन्धी सबै किसिमका अध्ययन यही केन्द्रमा हुनेछ ।" केन्द्रमा विश्वभरका जोसुकै चिया व्यापारी वा टी-इन्स्पेक्टर (चियाविज्ञ) ले चियाको गुणस्तर जाँच गर्न सक्ने उनले बताए ।

कन्याम घुम्न आउने पर्यटकले थरिथरिका चियाका स्वाद लिन पाउने नगर कार्यालयले जनाएको छ । सेन्टर सञ्चालनका लागि नगरले कार्यविधि तयार गरेको छ । नगरप्रमुख राईले टि टेस्टिङ नगरअन्तर्गत हुने बताउँदै अनुसन्धानको काम भने नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले गर्ने जानकारी दिए । चिया रोप्न सुरु भएको करिब एक सय ६० वर्षपछि इलाममा अनुसन्धान केन्द्र निर्माण हुँदा यहाँका किसानमा उत्साह थपिएको छ ।

चिया किसान मनोज भट्टराईले केन्द्र स्थापनापछि चियामा लाग्ने स-साना रोगको पहिचान हुने र उत्पादन बढाउन किसानलाई सहज हुने बताए । चिया प्राविधिकसमेत गाउँमा उत्पादन गर्न केन्द्रले मद्दत गरेमा किसानलाई थप सहज हुने उनको भनाइ छ । "यहाँ सामान्यतया चिया प्रशोधन कम हुने, उत्पादन भएको चिया परम्परागत शैलीमा टिप्ने र प्रशोधन हुँदै आएको छ । अनुसन्धान केन्द्रले चियामा नयाँ आयाम स्थापना गर्न मद्दत पुग्ने आशा छ", भट्टराईले भने । चियाका लागि प्रख्यात इलामको कन्याम चियाबारीबीचमा निर्मित केन्द्रमा पर्यटक थप आकर्षित हुने विश्वास लिइएको उनले बताए ।

केन्द्र चियाको व्यापार प्रवर्द्धनमा सहयोगी बन्ने कोसी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर रानामगरले बताए । "अहिले गुणस्तरीय चिया जाँच गर्ने, यसको व्यापार र गुणस्तर प्रवर्द्धन गर्न किसानलाई समस्या भइरहेको छ", उनले भने, "अब कन्याममा मुलुकको नमूनाका रूपमा अनुसन्धान केन्द्र स्थापना भएको छ ।" चिया उत्पादनका हिसाबले इलाम महत्वपूर्ण र उर्वरभूमि मानिन्छ । सूर्योदय नगरपालिकालाई चियाको राजधानीका रूपमा चिनिएको छ । यहाँ अनुसन्धान केन्द्र स्थापना भएपछि नेपाली चियासम्बन्धी अनुसन्धान गर्न चाहनेलाई सहज हुने जनाइएको छ ।

किसान धीरज अधिकारीले भने, "स्वदेश र विदेशमा रहेका चिया अध्ययन, अवलोकन र अनुसन्धान गर्ने आउने हुँदा हाम्रो जिल्लामा पर्यटकको सङ्ख्यामासमेत वृद्धि हुने अपेक्षा छ ।" नगरपालिका कोसी प्रदेशको पर्यटकीय नगरी भएकाले पनि केन्द्र स्थापनापछि पर्यटक आगमन बढ्ने उनले उल्लेख गरे । केन्द्र निर्माणले समग्र जिल्लाको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सरोकार भएकाहरू बताउँछन् । नगरपालिकामा अन्य ठूला लगानीका आयोजनामध्ये कुनै निर्माणको अन्तिम चरणमा छन् भने कुनै निर्माण भइरहेका नगरप्रमुख राईले बताए । उनका अनुसार अन्तर्राष्ट्रिय दातामार्फत केही ठूलो लगानीका आयोजना आउने चरणमा छन् । जिल्लामा उत्पादित चिया १० प्रतिशत नेपालमा, ७० प्रतिशत भारत र थप २० प्रतिशत तेस्रो मुलुक निर्यात हुने गरेको जनाइएको छ ।

# झापामा खाद्य कम्पनीले ५० हजार क्विन्टल धान खरिद गर्दै

भद्रपुर (झापा)(जस)-विर्तामोडस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले ५० हजार क्विन्टल धान खरिद गर्ने भएको छ । कम्पनीका कार्यालय प्रमुख चुलमाया लोवाका अनुसार पहिलो चरणमा १५ हजार क्विन्टल सोनामन्सुली र पाँच हजार क्विन्टल रञ्जितमन्सुली धान खरिद गर्न लागिएको हो । "कम्पनीले धानको समर्थन मूल्य प्रति क्विन्टल रु तीन हजार पँच सय ८० दशमलव ६२ तोकेको छ", उनले भने, "कम्पनीले तोकेको मूल्य बजार भाउभन्दा माथि रहेकाले किसानले धान बिक्री गर्नेछन् ।"

झापामा यो वर्ष तीन लाख ८५ हजार एक सय ९६ दशमलव पाँच मेट्रिक टन धान उत्पादन भएको छ । धान लगाइएको क्षेत्रफल घटे प उत्पादनमा भने सामान्य वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । यस वर्ष ७५ हजार चार सय ५९ हेक्टरमा धानखेती भएकामा उत्पादकत्व पाँच दशमलव १० मेट्रिक टन प्रतिहेक्टर रहेको केन्द्रका सूचना अधिकारी चेतराज भण्डारीले जानकारी दिए । "गत वर्षभन्दा यो वर्ष आठ हजार सात सय ९१ मेट्रिक टन धान उत्पादन बढेको छ", उनले भने ।


## कतारमा रोजगारीको अवसर

**कम्पनी**: CITY SQUARE TRADING & CONTRACTING W.L.L. **शहर** : Doha

पूर्व स्वीकृति मिति: २०८१-०८-१८ च.नं: 60229257 L.T. No : 314859

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker / labourer | 5 | 0 | स.काममा दक्ष | 1000 | ३७,११०/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २८ गते (13 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MONTAGE
License No.:798/065/066

**MONTAGE OVERSEAS (P.) LTD.**
1726/69 GMS Path (W) near Kalanki Temple, Kathmandu-14, Nepal
Tel: +977-1-4287119, Mob No.: 9801322330
Fax No.: +977-01-4287119, Email: montagedocuments@gmail.com,
Web: www.montageoverseas.com


## मेलम्ची नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती, प्रदेश , नेपाल

### आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

प्रकाशित मिति:२०८१/०८/२१

यस कार्यालयद्वारा मिति २०८१ असोज ८ गते तपसिल बमोजिमको बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार **e–gp** मा दर्ता हुन आएका बोलपत्रदाताहरुमध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न अनुसारको बोल्पत्रहरुको प्राविधिक प्रस्तावको सर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८१/०८/२८ गतेका दिन ११:३०बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज)को उपनियम ५ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | ठेक्का नं. | खरिदको विषय | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताहरु |
|---|---|---|---|
| 1 | MMSI/WORKS/NCB/ 2081-82/03 | Upgrading Works Of Bhotechaur-Thulopata -Fusromata-Giranchaur-sindhukhola Road. | 1. M/s Abij Nirman Sewa<br>2. M/s Regmi Nirman Sewa<br>3. M/s B.C.T-S.C J/v<br>4. M/s Rukmini/Diamond/Sindhu JV<br>5. M/s Futureland Construction |

# नेपाल-चीन पर्यटन प्रवर्द्धनको प्रयास

काठमाडौँ (जस)-नेपाल र चीनबीचको सम्बन्धलाई पर्यटनका माध्यमबाट पनि अझ सुमधुर गर्दै दुवै देशको भ्रमणमा एकअर्काका नागरिकलाई प्रेरित गर्ने उद्देश्यले पर्यटन व्यवसायी, विमान कम्पनीहरूसँगको साझेदारीमा बुधबार यहाँ चाइना कल्चरल सेन्टर (सिसिसी)द्वारा 'निहाओ चाइना' कार्यक्रम आयोजना गरियो ।

चीनको राष्ट्रिय ध्वजावाहक एयर चाइना, चाइना सदर्न एयरलाइन्स, चाइना इस्टर्न एयरलाइन्स र चाइना नेशनल टुरिष्ट कार्यालय काठमाडौँले संयुक्तरुपमा आयोजना गरेको कार्यक्रममा यहाँस्थित सिसिसी कार्यालयका निर्देशक सियाओ जियाङले कार्यक्रमका माध्यमबाचट नेपाली पर्यटन व्यवसायीलाई चिनियाँ पर्यटन तथा त्यहाँका पर्यटकीय गन्तव्यबारे बुझ्न मद्दत पुगेको बताए । उनले चिनियाँ र नेपाली पर्यटन व्यवसायीबीचको सम्बन्ध स्थापना, सूचना आदानप्रदान र भावी सहकार्यका निम्ति अवसर मिल्ने विश्वास व्यक्त गरे । चाइना नेशनल टुरिष्ट अफिसका मोहन सुवालले पर्यटकीय उत्पादन, चिनियाँ खाना, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा र चिनियाँ पर्यटनका अन्य सम्पदाको बारेमा जानकारी दिएका थिए ।

कार्यक्रममा नेपाली पर्यटन व्यवसायीका साथै गुआङ्सी गुआङ्दा टुरिजम इन्भेष्टमेन्ट कम्पनी, तिब्बत यती इन्टरनेशनल ट्राभल सर्भिस र सिचुआन मिङ्यान ट्राभल एजेन्सीका चिनियाँ पर्यटक कम्पनीका प्रतिनिधिहरूको उपस्थिति थियो ।


## माइग्रेसन हरायो

मिति २०८०/०३/२२ गते बनस्थलीवाट बालाजुसम्म जाँदा मेरो निम्न व्यहोरा भएको CTEVT को माइग्रेसन सर्टिफकेट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा तलको फोन नं मा सम्पर्क गरिदिनू हुन अनुरोध छ।
**नाम** : रेशम प्रसाद अधिकारी
**रजिष्ट्रेशन न** : HA-01341-018
**सिम्वोल नं** : 03100484
**बर्ष** : 2079
**सम्पर्क** : 9866127485



## साउदीमा रोजगारको सूवर्ण अवसर

**ASMACS CONT EST.**

पूर्व:स्वीकृति मिति : २०८१/०२/०२ LT.No: 304657 चलानी नं.६०२२१३२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाने/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५००० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | स्वदेशमा गरिने बीमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखिकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | १०,००० |

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी : १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु अघि अनिवार्य अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भवाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला । ८) छनौट भई भिषा प्राप्त गरिसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपूर्ति दिनुपर्ने छ ।

**अन्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट २०८१ मंसिर २८ गते (13 Dec, 2024) यस प्रा. लि. को कार्यालय महाराजगञ्जमा हुनेछ ।**

**अल-आसमाक्स कम्पनी प्रा. लि.**
महाराजगञ्ज, चक्रपथ, सल्लाघारी, काठमाडौं, नेपाल
फोन नं.: ०१-४६५०४७०, ४६५०४७१, ४६५०४७२, ४६५०४७३
Email : recruitment@asmacs.com.np
श्रम ईजाजत पत्र नं. ७४८/०६४/०६५
www.jobs4hunt.com is the road to your succes in your carrer


## ग्लोबल आइएमई बैंक लिमिटेडको
## गैरबैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

प्रकाशित मिति : २०८१/०८/२१ गतेको जनसवाल राष्ट्रिय दैनिक

यस ग्लोबल आइएमई बैंक. को स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा यस बैंकको प्रधान कार्यालय, नक्साल, काठमाडौं स्थित कर्जा असुली विभाग वा बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। यस बैक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन साविक समय र सोही स्थानमा बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम तोकिएको दस्तुर तिरी यस बैंकबाट खरिद गर्न सकिने छ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नु होला।

**तपसिल**

| बिक्री गरिने सम्पत्तिको विवरण (घर/जग्गाको विवरण) | थप विवरणका लागि |
|---|---|
| **विराटनगर शाखा, मोरङ्ग** | |
| **मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको :**<br>१. झापा जिल्ला, शिवगञ्ज गा.वि.स./न.पा. वडा नं. ७ फ स्थित कित्ता नं. ३१९ को क्षेत्रफल ०-११-१२-० वा ३९२७.५६ व.मि. व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. झापा जिल्ला, शिवगञ्ज गा.वि.स./न.पा. वडा नं. ७ व स्थित कित्ता नं. १३५, ११४, ११५ र ११८ को क्षेत्रफल क्रमशः १-१०-०-०, ०-१-१०-०, ०-१४-१०-० र ०-११-०-० विगहा १०१५७.४९, ५०७.८७, ४९०९.४६ र ३७२४.४२ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| **मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको :**<br>१. मोरङ्ग जिल्ला, जतुवा कठकुप्पा गा.वि.स./न.पा. वडा नं. १ क स्थित कित्ता नं. ३९१९, ५४६ र ५४७ को क्षेत्रफल क्रमशः ०-०-६-०, ०-०-१०-० र ०-०-१०-० विगाहा वा १०१.५८, १६९.३० र १६९.३० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थित कित्ता नं. १६३ को क्षेत्रफल १७७.७६ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय : २०८१ पौष ०५ गते शुक्रबार कार्यालय समयसम्म**
**बोलपत्र खोलिने मिति र समय : २०८१ पौष ०७ गते आइतबार दिनको ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : ग्लोबल आइएमई बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय : कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००

## CHAUTARA SANGCHOKGADHI MUNICIPALITY
## Office Of The Municipal Executive
**Chautara, Sindhupalchok**

### Invitation for Electronic Bid for Procurement of Supply and Delivery of Agriculture products processing Goods

**Contract ID: CSGM/NCB/GOODS-03/2081/082**
**Date of publication: 2081/08/21 (06th Dec 2024)**

1. The Government of Nepal (GoN) has allocated funds to wards the cost **Procurement of Supply and Delivery of Agriculture products processing Goods** and intends to apply the funds to cover eligible payments under the Contract for **Procurement of Supply and Delivery of Agriculture products processing Goods.** Bidding is open to all eligible Nepalese Bidders.
2. The **Chautara Sagachowkgadi Municipality, Office Of The Municipal Executive, Chautara, Sindhupalchok** invites electronic bids from eligible bidders **Procurement of Supply and Delivery of Agriculture products processing Goods** under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np. or PPMO website. www.bolpatra.gov.np/egp.**
4. Bidding Document is available on PPMO's E-GP system **www.bolpatra.gov.np/egp.** Eligible Bidders are requestted to submit their bid electronically as above mentioned e-GP system including non refundable fee **NRs. 3000.00** for the cost of Bidding Document in the following Rajaswa (revenue) account as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Nepal Bank Limited, Chautara Branch**
   Name of Office: **Chautara Sangachokgadhi Municipality**
   Account Number (**Aantarik Rajashwo Khata for bid document fee): 05703000001001000001**
   Dharauti Khata No. **05703000003000000001**
   Office Code No: **801032701**
   Rajaswa (revenue) Shirshak no.: **14229**
5. Pre-bid meeting shall be held at **Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok at 13:00 Hrs on 26th Dec, 2024 (Poush 11, 2081)**
6. Electronic bids must be submitted to **Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 Hrs** as mention in below. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 Hrs** at **Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok.** Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs 75,000.00,** which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contract are as follows:

| Contract Identification No. | Name of Procurement | Last Date of Bid Submission/Opening |
|---|---|---|
| CSGM/NCB/GOODS-03/2081/082 | Procurement of Supply and Delivery of Agriculture products processing Goods | 06th Jan, 2025 (Poush 22, 2081) |

**Chief Administrative Officer**
**Chautara Sangachokgadhi Municipality**